# माध्यमिक शिक्षा परीक्षा

## (Secondary Education Examinations - SEE)

## अनिवार्य सामाजिक अध्ययन

**समय : २:१५** **पूर्णाङ्क : ७५**

**समूह क (Group A)**

***तलका प्रश्नहरूको अति संक्षिप्त उत्तर दिनुहोस् । Write very short answer to the following question:***

*७ x १=७*

१. तपाईं बसोबास गर्ने प्रदेशका कुनै दुई भौगोलिक विशेषताहरू उल्लेख गर्नुहोस् ।
Mention any two physical features of the province where you reside.

२. तपाईंको विचारमा, दिगो विकास लक्ष्यको कुन लक्ष्य नेपालको सन्दर्भमा सबभन्दा उपयुक्त छ ? तपाईंको विचार एक वाक्यमा प्रष्ट पार्नुहोस् ।
Which goal, in your opinion, of Sustainable Development Goal is the most appropriate in the context of Nepal? Clarify your opinion in a sentence.

३. धान नाच कुन जातिमा प्रचलित छ ?
In which race is Dhan naach (traditional dance) practised?

४. मानव वेच विखन विरुद्ध जन चेतना जगाउन एक नारा तयार पार्नुहोस् ।
Prepare a slogan to create awareness against human trafficking.

५. टिम्मुरवोटे काण्डसँग सम्वन्धित जिल्ला कुन हो?
Which district is realated with the Timmurbote massacre?

६. ‘आर्थिक योजना’लाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।
Define 'Economic Plan' in a sentence.

७. तपाइको समुदायमा युनिसेफले के कस्तो सहयोग गर्न सक्छ ?
What type of support can do the UNICEF in your community?

**समूह ‘ख’ (Group –'B')**

***तलका प्रश्नहरूको संक्षिप्त उत्तर लेख्नुहोस् ।Write short answer to the following questions:***

*१० x ४ = ४०*

८. मानव संसाधन व्यवस्थापनका कुनै चार विशेषताहरू लेख्नुहोस् ।
Write any four characteristics of Human Resource Management.

९. तपाईंको प्रदेशमा रहेको राष्ट्रिय गौरवको आयोजनाले त्यहाँको आर्थिक तथा सामाजिक विकासमा पार्ने सकारात्मक प्रभावको ४ बुँदामा प्रष्टपार्नुहोस् ।
Clarify the positive effects of National project of pride that is in operation in your province in four points.

१०. कैलाश सत्यार्थीले चलाएको बालपन बचाऔं आन्दोलन जस्तै आन्दोलन हाम्रो समाजमा पनि चलायो भने कस्तो परिवर्तन आउला ?चार बुँदामा लेख्नुहोस् ।
What short of changes may occur in our society if 'save childhood like movement conducted by Kailas Satyarthi in our country? Write in four points.

११. प्रस्तुत चित्रले के संकेत गर्दछ ? यस्ता गतिविधिले समाजमा पार्ने असरहरु उल्लेख गर्नुहोस् ।

What does the following picture indicate? Mention the effects caused by such activities in society.



१२. तल दिइएको एक दैनिक पत्रिकामा प्रकाशित समाचार पढी तलको प्रश्नको उत्तर लेख्नुहोस् ।
Read the given news published in a daily newspaper and answer the question below:

*मंसिर २८ गते । कुनै एक जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ७.३७ प्रतिशत मत बदर भएको छ । यस्तै अर्को जिल्लामा प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिक दुवैगरी ११ हजार ३ सय ३३ मत बदर भएको छ ।*

28 Mangsir, 7.37% votes have become invalid in the election of House of Representative and Province Assembly.Likewise 11,333 votes have become invalid in both FPTP and PR electoral system in another district.

नेपालको सबैजसो निर्वाचनमा मत बदर हुनुका कुनै दुई कारण र तिनका समाधानका दुई उपायहरू प्रष्ट पारी लेख्नुहोस् ।
Write clearly any two causes with two measures why votes in most election of Nepal become invalid.

१३. तपाइँले नेपालको कुनै भौगोलिक क्षेत्रको भ्रमण गर्नु भएको होला । त्यसका बारेमा निम्न ढाँचामा छोटो प्रतिवेदन तयार पार्नुहोस् ।
You would have definitely made a visit of any geographical place in Nepal. Prepare a report on the basis of following points.

- उद्देश्य (Objective)
- मुख्य क्रियाकलाप (Major activities)
- पत्ता लगाइएका कुरा (findings)

१४.सुनामीको परिचय दिई यसबाट बच्ने तीन सुरक्षाका उपायहरु उल्लेख गर्नुहोस् ।
Give an introduction of Tsunami and mention any three safety measures to be secure from Tsunami.

१५. तपाईले वि.सं. २००७-२०१७ सालको अवधिमा गठन भएका सरकारका गतिविधि अध्ययन गर्नुभएको छ । तपाईंलाई ती मध्ये कुन सरकारका कार्यहरू सबभन्दा राम्रो लाग्यो ? तपाईंका विचार ४ बुँदामा प्रष्ट पार्नुहोस् ।
You have studied the activities of government formed during the period of 2007 – 2017 B.S. W hich government's functions did you like the most among them? Clarify yours views in four points.

१६. मानौं, तपाईं आफ्नो गाउँपालिका वा नगरपालिकाको प्रमुख हुनुभयो भने तपाईंले उठाउन पाउने नपाउने कर वा दस्तुरको सूची तालिकामा देखाउनुहोस् ।

Imagine, you were chairman of your Rural Municipality or Mayor of Municipality, show the list of tax or fee in table that you deserve to collect levy or you don't.

१७. युनेस्कोको (UNESCO) पूर्ण रुप लेखी यसको संक्षिप्त परिचय दिनुहोस् ।
Write full form of UNESCO and give its short introduction.

**समूह 'ग' (Group – 'C')**

***तलका प्रश्नहरूको विश्लेषणात्मक उत्तर दिनुहोस् :*** ***४ x ७ = २८***

***Write analytical answer to the following questions:***

१८. नेपालको संविधानले महिला सशक्तिकरण वा विकासका लागि मौलिक हक तथा अन्य संवैधानिक प्रावधानको व्यवस्था गरेको छ । ती हक र प्रावधानहरू के कति प्रभावकारी कार्यान्वयन भएका छन् ? तपाईंको मूल्याङ्कन बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।
Constitution of Nepal has provided Fundamental Rights and other constitutional provision to empower or develop women. How far have those Rights and constitutional provision implemented effectively? Present yours evaluation in points.

१९. नेपालको रेखाङ्कित नक्सा कोरी त्यसमा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भर्नुहोस् ।
Draw an outline map of Nepal and insert the given facts using appropriate symbols.
Lake Foksundo, River Narayani, Baraha Kshetra, Jumla
फोक्सुण्डो ताल, नारायणी नदी, वराह क्षेत्र, जुम्ला,

Or

उत्तर अमेरिका महादेशको नक्सा बनाई रेखाङ्कित नक्सा कोरी त्यसमा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भर्नुहोस् ।
Draw an outline map of North America and insert the given facts using appropriate symbols.
प्रेरिज घाँसे मैदान, रक्की पर्वत श्रेणी, वासिंटन डि सि, सुपेरियर ताल
Prairies , Rocky Mountain range, Washington DC, Lake Superior

२०. आवधिक निर्वाचन, जनमतसंग्रह र संविधानसभा निर्वाचन बीच दुई/दुई बुँदामा प्रष्ट हुनेगरी तुलना गर्नुहोस् ।
Compare clearly among Periodic election, Referendum and election of Constittional Assembly in two points each of them.

२१. नेपालमा वित्तीय शिक्षा प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्नुहोस् ।
Mention the measures to make Financial Education effective in Nepal.

DRAFT

# उत्तरकुञ्जिका

## समूह 'क'

१. आफू बसोबास गरेको प्रदेशको भौगोलिक संरचना, हावापानी सम्बन्धी कुनै दुई विशेषता उल्लेख गरेमा
०.५ x २ = १ अंक

२. विद्यार्थीले कुनै एक लक्ष्य लेखी मन पर्नुको कारण उल्लेख गरेमा १ अंक
(यस प्रश्नले विद्यार्थीको मूल्य/अभिवृत्ति परीक्षण गर्ने भएकाले खास लक्ष्य लेख्नुपर्ने)

३. धान नाच लिम्बु जातिमा प्रचलित छ भनी लेखेमा १ अंक

४. "मानव बेचविखन सामाजिक अपवराध हो, यसलाई रोक्नु हाम्रो दायित्व हो ।" यस्तै मिल्ने कुनै एक नारा तयार पारेमा १ अंक

५. ओखलढुंगा लेखेमा १ अंक

६. निश्चित अवधि भित्र निश्चित लक्ष्य प्राप्त गर्न अधिकतम श्रोत परिचालन गर्ने विकासको एक दस्तावेज भनि वा त्यस्तै आसय आउने उत्तर लेखेमा १ अंक

७.मेरो समुदायमा युनिसेफले गर्ने कार्यहरु भनी तलका जस्तै मिल्ने दुई कार्य लेखेमा कुनै दुई कार्य ०.५ अंकका दरले १ अंक दिने ।

- बाल श्रम शोषणमा जनचेतना जगाउने
- बालबालिकालाई खोप उपलव्ध गराउने,
- कुपोषणबाट जोगाउन विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने
- बाल मृत्यु दर र शिशु मृत्युदर घटाउन चेतनामुलक कार्यक्रममा सहयोग गर्ने

## समूह 'ख'

८. मानव संसाधन व्यवस्थाका विशेषताहरू :

- संगठनको उद्देश्य बमोजिम जनशक्ति व्यवस्थापनको योजना ;
- जनशक्ति प्राप्ति, परिचालन, वृत्ति विकासको दस्तावेज ;
- संगठनको उद्देश्य बमोजिम जनशक्तिको कार्य विवरण/विश्लेषणको ढाँचा ;
- संगठनमा जनशक्तिको व्यवस्थापनको निरन्तर प्रक्रिया जस्ता बुँदा प्रष्ट पारेमा ४ x १ = ४

९. राष्ट्रिय गौरवका आयोजनाको सकारात्मक प्रभाव :

- श्रोत साधनको परिचालन ;
- पूर्वाधारको विकास ;
- जनजीवनमा सहजता ;
- राष्ट्रका अन्य क्षेत्रमा सम्बन्ध स्थापित भई मानिसको जीवनस्तरमा परिवर्तन ;
- उत्पादनमूलक एक आय आर्जनमा विविधिकरण जस्ता बुँदा लेखेमा ४ x १ = ४

१०. हाम्रो समाजमा पनि यो आन्दोलन चलायो भने निम्नानुसारका परिवर्तन आउन सक्छ भनी मिल्दा चार बुँदा लेखेमा ४ अंक दिने

- बालबालिकालाई घरायसी कामदार र होटलहरुमा कामदारकारुपमा राख्ने प्रवृत्तिको अन्त्य हुन्छ ।

DRAFT

- बालबालिकालाई यातायातको साधनमा खलासी राख्न बन्द हुन्छ ।
- बालबालिकालाई इटा घट्टा र अन्य कारखानामा प्रयोग गर्न बन्द हुन्छ ।
- गरिब बालबालिकाले पनि अन्य बालबालिका सरह बाँच्न, शिक्षा प्राप्त गर्न र हुर्कने अवसर पाउँछन् ।

११. प्रस्तुत चित्रले महिला माथि भएको घरेलु हिंसाको संकेत गर्दछ भनी लेखेमा १ अंक

- यसले समाजमा अशान्ति, कलह र द्वन्द्व पैदा गर्दछ
- महिला अधिकारको हनन् हुन्छ ।
- समाजमा लैंगिक विभेदका घटनाहरु वढ्छन् ।
- समाजमा हिंसाका घटनाहरु वृद्धि हुन सक्ने ।

१२. धेरै मत बदर हुनुका कारणहरू :

मतदाता शिक्षा प्रभावकारी नहुनु, परम्परागत निर्वाचन पद्धति, चुनावचिन्ह अन्यौल जस्ता बुँदा प्रष्ट पारेमा २ अंक

मत बदर न्यून गर्ने उपायहरू :

- राजनीतिक दल/कार्यकर्ता/नागरिक समाजको बढी सक्रियता ;
- निर्वाचन पद्धति समसामयिक बनाउने जस्ता बुँदा लेखी प्रष्ट पारेमा ।

१३. आफूले भ्रमण गरेको स्थान, मिति, सहित उद्देश्य लेखेको १ अंक
भ्रमणका क्रममा गरेको मुख्य क्रियाकलाप उल्लेख गरेमा १ अंक र
पत्ता लगाइएका कुराहरू लेखेको २ अंक गरी जम्मा प्रतिवेदनको ४ अंक दिने

१४. समुद्र वा त्यसको आसपासमा भूकम्प गई समुद्रको पानी छछल्किएर जमिनको सनहमा हायो भने त्यसलाई सुनामी भनिन्छ । यो समुद्री किनारी क्षेत्रमा भूकम्पका कारण हुन सक्ने विपद् हो भनी लेखेमा १ अंक
सुनामीबाट सुरक्षित हुन तलका जस्तै उपाय अपनाउनु पर्छ भनी कम्तिमा तीन मिल्ने बूँदाहरू लेखेमा ३ अंक

- यदि तपाइँ समुद्री किनारी क्षेत्रमा वा वस्तीमा हुनु हुन्छ भने भूकम्प जाने वित्तिकै सुनामी आउन सक्ने हुनाले सचेत रहने, समाचार सुन्ने, परिवार र छिमेकीहरू एकै ठाउँमा बस्ने र संकेतहरू याद गर्ने
- सुनामी भूकम्प जस्तो एक्कासी आउने होइन त्यसैले सुनामी आउने संकेत पाएपछि सके सम्म छिटो समुद्री किनाराबाट टाढा जाने वा अग्लो स्थान तर्फ जाने ।
- सुनामी भूकम्प पश्चात झटपट घझोला लिएर मात्र सुरक्षित स्थानमा जम्मा हुने
- समय समयमा सुनामीको पूर्वाभ्यास गर्ने ।

१५. विद्यार्थीले कुनै पनि सरकार जस्तै : टंक प्रसादको सरकार, वि.पी.को सरकार वा अन्य सरकारको गतिविधि र मन पर्नुको कारण प्रष्ट पारी लेख्न सक्ने ।

१६.

| कर, शुल्क वा दस्तुर लगाउन पाउने : | कर वा दस्तुर लगाउन नपाउने |
|---|---|
| सम्पत्ति कर, घर बहाल कर, दण्ड जरिवाना | १. कूटनीतिक नियोग |
| मनोरञ्जन कर, पर्यटन शुल्क वा अन्य | २. वैदेशिक सहायताबाट सञ्चालित परियोजना |
| कानून बमोजिम | ३. संयुक्त आवासमा वा अन्य कानून बमोजिम |

DRAFT

१७. युनेस्कोको पूरा रुपमा अंग्रजीमा UNESCO अर्थात United Nations Educational, scientific and Cultural organization

अथवा

नेपालीमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक परिषद भनी लेखेमा १ अंक

युनेस्कोको स्थापना मिति, उद्देश्य र कार्यालय रहेको स्थान समेटेर संक्षिप्त परिचय दिएमा ३ अंक दिने जस्तै,

युनेस्कोको स्थापना १९४६ नोभेम्बर ४ मा भएको हो । यो संस्था १९४७ डिसेम्बर १४ मा संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्था बनेको हो । नेपाल सन् १९६६ मा यसको सदस्य बन्यो । यसको केन्द्रीय कार्यालय फ्रान्सको पेरिसमा रहेको छ । यसका मुख्य उद्देश्यहरू यस प्रकार छन् ।

- सदश्य राष्ट्रहरूमा मानव विकास तथा दिगो विकास प्रवर्धन गर्ने,
- विश्वमा भएका अद्वितीय र महत्वपूर्ण प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धन गर्ने,
- सदश्य राष्ट्रहरुमा शैक्षिक, वैज्ञानिक र सांस्कृतिक विकासमा सहयोग गर्ने

## समूह 'ग'

१८. सम्पत्ति माथिको हक, महिला हक, समावेशी सम्बन्धी हक लगायत कार्यपालिका, व्यवस्थापिका वा स्थानीय तहमा सहभागिताको संवैधानिक व्यवस्था, तिनको कार्यान्वयन सम्बन्धमा विद्यार्थीले उदाहरण सहित, तिनका चुनौती समेत उल्लेख गरेमा । ७ अंक

१९. सामान्य आकार प्रकार मिलाएर नेपालको रेखाङ्कित नक्सा कोरेको ३ अंक

उक्त नक्सामा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भरेको १ अंकका दरले चार अंक गरी जम्मा ७ अंक । जस्तै,




अथवा

उत्तर अमेरिका महादेशको सामान्य आकार प्रकार मिलाई नक्सा कोरेको २ अंक र त्यसमा दिइएका तथ्यहरु उपयुक्त संकेतको प्रयोग गरेर भरेको १ तथ्यको १ अंकका दरले ४ अंक गरी जम्मा ७ अंक




२०. **आवधिक निर्वाचन -** निश्चित समयमा हुने, सरकार/जननिर्वाचित अंगको गठन, विकासे एजेण्डामा केन्द्रित ।

**जनमत संग्रह -** राष्ट्रिय मुद्दामा केन्द्रित, सरकार गठनको विषय गौण, निश्चित अवधि नभएको ।

**संविधानसभाको निर्वाचन -** संविधानको विषय, मूलतः राजनीतिक व्यवस्था परिवर्तन पछि सम्भावना, निश्चित अवधि नभएको जस्ता बुँदा पृष्ठभूमि तयार पारी प्रष्ट पारेमा । १ + ६ = ७ अंक

२१. <u>वित्तीय शिक्षा प्रभावकारी बनाउने उपायहरू :</u>

- विद्यालय शिक्षाको पाठ्यक्रममा वितिय शिक्षा सम्वन्धी विषयवस्तु राख्ने ।
- प्रशिक्षक तालिम
- वित्तीय साक्षरता/शिक्षा सम्बन्धी सञ्चार माध्यमबाट प्रचार/प्रसार
- नीति निर्माताासित, बालबालिकाको अन्तरक्रिया कार्यक्रमको आयोजना
- युवा चेतनामूलक कार्यक्रम जस्ता ७ बुँदा लेखेमाप्रत्येक बुँदाको १ अंकको दरले ७ अंक

DRAFT